
# सेन्दाई बहुसांस्कृतिक समाज बुलेटिन



## तपाईं जापान छोडेर जादै हुनुहुन्छ भने





यो पटक, मैले आफ्नो देश फर्कने निर्णय गरें।
जापान छोड्नु अगाडी के के प्रक्रियाहरू गर्न आवश्यक पर्छहोला?

म, तपाईंलाई आवश्यक प्रक्रियाहरू को बारेमा बताउनेछु है।



**A** तपाईं बस्नु भएको अपार्टमेन्ट आदि को व्यवस्थापन कम्पनीलाई आफुले कोठा छोड्ने बारेमा पहिलेदेखि नै बताउनु पर्नेछ

**B** पानी, बिजुली, ग्यास आदि को आपूर्ति बन्द गर्नको लागि निबेदन प्रक्रिया गर्नुपर्नेछ

**C** 「जापान छाडेर जाने सूचना」को लागि वडाकार्यालयमा निबेदन प्रक्रिया गर्नुपर्छ

**D** (आफ्नो देश फर्किए पछि) 「राष्ट्रिय पेन्सन एकमुष्ट रकम फिर्ता」को लागि निबेदन प्रक्रिया गर्नुपर्छ

**E** वैंक खाता बन्द गर्नुपर्छ

**F** आफुलाई नचाहिने समानहरु फ्याक्नु पर्छ

↓यी सबै प्रक्रियाहरुको बारेमा म तपाईंलाई बताउनेछु↓

**A** कोठा छाड्ने दिन तय भएपछि, सकेसम्म चाँडो सम्बन्धित निकायमा सम्पर्क गर्नुपर्नेछ।

कोठा छाड्ने दिन भन्दा केही पहिले नै घर भाडामा लगाउने अफिस (फुदोऊसान) लाई जानकारी गराउनु पर्ने भनेर, कोठा भाडामा लिने बेला सुरुको दिनमा नै भनेको हुन्छ। तपाईंले कोठा छाडेर जाने दिन भाडामा लगाउने अफिसका कर्मचारी आई, कोठाको (बिगारे, भक्तेको, जताभाबी केर्मेट र फोहोर गरेको आदि) निरिक्षण कार्य गर्नेछ। यदि तपाइँलाई नचाहिने चीज छ भने, F मा व्याख्या गरिएको जस्तै तरिकाले त्यसलाई ब्यबस्थापन गर्नुहोस वा प्रयोग गर्न चाहाने व्यक्ति कोहि भएमा उसलाई दिनुहोस।
यदि आफुले कोठा छोडेर जाँदा तपाईंलाई नचाहिंने समान कोठामा नै छोडेर जानुभयो भने, त्यसलाई फ्याक्नको लागि तपाईंबाट रकम असुल्नेछ।
सम्झौता गरेको कम्पनीलाई सम्पर्क गर्नुहोस।

**B** अन्तिम दिन सम्मको भाडा त्यसदिन भुक्तान गर्नुपर्ने अवस्था पनि हुन्छ । साथै, अन्तिम दिन सम्मको भाडा भुक्तानी गर्नुपर्ने प्रक्रिया चाँही कम्पनी अनुसार फरक फरक हुन्छ।
अर्को महिना पछि मात्रै रषिद कार्ड मार्फत भाडा भुक्तानी गर्ने प्रक्रिया भएको खण्डमा भने, जापानमा बस्ने साथी वा चिनजान भएको व्यक्तिहरुलाई आफ्नो सट्टामा भुक्तानी गरिदिन लगाउने ब्यबस्था पनि छ। आफ्नो सट्टामा भुक्तानी गरिदिने कोही हुनुहुन्छ कि सुनिश्चित गरि अनुरोध गरौं।




बाकीं अर्को पेजमा क्रमस→

**6** वटा भाषाको जनसम्पर्क पत्रिका
नेपाली भाषा बाहेक अन्य, जापानिज／にほんご, अंग्रेजी／English, चिनियाँ／中文, कोरियन／한국어, भियतनामी／Tiếng Việt भाषाहरु छन। तपाइले यसलाई होमपेजबाट हेर्न सक्नुहुन्छ । साथै सेन्दाई बहुसांस्कृतिक समाज केन्द्रबाट पनि वितरित गरिदै आएको छ ।

## C

जापान छाडेर जाँदा गर्नुपर्ने प्रक्रियाहरू चाँही आफु जाने दिन अघिको १४ दिनभित्रमा पूरा गर्न सकिन्छ।

सिटि वा नगर कर, राष्ट्रिय स्वास्थ्य बीमा, बाल भत्ता, आदिको लागि गर्नुपर्ने प्रक्रियाहरू पनि वडा कार्यालयमा गएर गर्नसकिन्छ। यस बाहेक, जापान छाडेर जाँदा वडा कार्यालयमा गई गर्नुपर्ने प्रक्रियाहरुको बारेमा सेन्दाई सिटीको वेबसाइटमा बहुभाषाहरूमा पनि पढ्न सकिन्छ। (६ वटा भाषाहरू)

**https://www.city.sendai.jp/koryu/foreignlanguage/np/jumintouroku_1.html**



## D

यदि तपाईंले छ महिनाभन्दा बढी समयदेखि पेन्सन वा कर्मचारी संचयकोष तिर्नु भएको छभने, तपाईंले आफ्नो देश फर्केको दुई वर्षभित्र आवेदन प्रक्रिया पूरा गर्नुभयो भने तपाईंले पेन्सनको 「एकमुष्ट रकम फिर्ता」 प्राप्त गर्नु सक्नुहुन्छ।

एकमुष्ट रकम फिर्ता को बारेमा चाँही, तपाईंले जापान पेन्सन सेवा को वेबसाइटमा बहुभाषाहरूमा व्याख्या गरिएको सामग्री र आवेदन फारमको जानकारी पढ्न सक्नुहुन्छ। (१४ वटा भाषाहरू)

**https://www.nenkin.go.jp/service/jukyu/todokesho/sonota-kyufu/20150406.html**

## E

तपाईंले जापानमा प्रयोग गर्नुभएको बैंक खाता चाँही, आफु फर्किएर जानुपर्ने भएमा रद्द गरेर मात्रै जानुहोला।
आफ्नो बैंक खाता अरू कसैलाई दिने, बच्ने, अन्य व्यक्तिबाट लिने वा किन्ने गर्नुभनेको गैरकानूनी काम हो। यस्तो काम कुनैहालतमा पनि नगर्नुहोस।






## F

कोठा सर्ने बेलामा आवश्यक नपर्ने बस्तुहरु धेरै निस्कन्छ।
घरभित्र बाट निस्किने नियमित फोहोरको रुपमा फाल्न नमिल्ने साइज भएका ठुला आकारको फोहोर फाल्नु परेको खण्डमा, वा फोहोर धेरै भएको खण्डमा भने, फोहोर संकलनको लागी घरमा बोलाउन पनि सकिनेछ। (ठुला आकारको फोहोर, अस्थायी रुपको फोहोर) यसको लागि आवेदन गर्न आवश्यक पर्छ। आवेदन गर्दा यदि तपाईंलाई दोभाषेको आवश्यकता पर्छ भने, दोभाषे सहायता टेलिफोनमा फोन गर्नुहोस। ठुला आकारको फोहोर फाल्ने आदि, फोहोर फाल्ने तरिका को बारेमा सेन्दाई शहरको वेबसाइटमा पढ्न सक्नुहुन्छ। यस बाहेक पनि, आफैले फोहोर लिएर गई फ्याक्न सकिने कारखाना पनि छ। अग्रिम रुपमा फोन गरि पुष्टि गर्नुपर्ने आवश्यक पर्छ।



**https://www.city.sendai.jp/haiki-shido/kurashi/machi/genryo/gomi/wakekata/documents/nepfix.pdf**



यसबाहेक पनि, मोबाइल फोन, क्रेडिट कार्ड, इन्टरनेट, अन्य किसिमको सदस्यता आदि, जापानमा सम्झौता गर्नुभएको अन्यकुराहरु भएमा यसको रद्द गर्ने आदि, यी बाहेक पनि आवश्यक पर्ने प्रक्रियाहरु पनि हुनसक्छ। जापान छाडेर जाँदा गर्नुपर्ने तयारी र प्रक्रियाहरु को लागि चाँही प्रशस्त समय छुट्याउनुहोस।

## जानकारी: बिदेशसँग सम्बन्ध भएका बालबालिका परामर्श डेस्क」को परिचय गराउने छौं।

बिदेशसँग सम्बन्ध भएका बालबालिका, उनिहरुको अभिभावक, बालबालिका पढ्ने बिधालय, त्यहाँका शिक्षकहरुलाई नयाँ भर्ना वा अर्को बिधालयबाट स्थानतरण भै आउने बेलामा गर्नुपर्ने प्रक्रियाहरु र त्यस विद्यालयमा अध्ययन गराईने विषयबस्तुको अध्ययन वा जापानीज भाषा, विद्यालय जीवनको बातावरण, उच्च शिक्षाको लागि परामर्श सहित विभिन्न परिस्थितिहरूमा सहयोग गर्छौं।

### 「बिदेशसँग सम्बन्ध भएका बालबालिका」भनेको?

- आमाबाबुको परिस्थितिको कारणले आफ्नोदेश बाट जापान आएका बालबालिका
- जापानमा जन्मे, हुर्केका बालबालिका तर उनीहरुको आमाबाबु अथवा बाबु वा आमा कुनै एकजना विदेशी नागरिक भै उनीहरुबाट जन्मिएका बालबालिका
- जापानी नागरिकता सहित दोहोरो नागरिकता भएका बालबालिका
- अभिभावकले अन्तर्राष्ट्रिय विवाह गरेको कारण, परिवार भित्र बोलिने भाषा जापानीज भाषा नभएका बालबालिका इत्यादी।

※विदेशी नागरिकताका भएका बालबालिकामा मात्रै सीमित नभई, विभिन्न प्रकारको मामिलाहरु छन्।

### यस्तो बेलामा परामर्श गर्न सकिनेछ

→ बिधालयको शिक्षक

- जापानीज भाषा कसरी सिकाउने भनेर थाहा भएन
- जापानीज भाषा बोल्न नसक्ने विदेशीनागरिकका बालबालिका यस बिधालयमा आउँदैछन्।
- विदेशीनागरिक बालबालिकाका अभिभावक सँग कसरि कुराकानी गर्ने भनेर चिन्तित छु।

→ अभिभावकहरु

- विद्यालयका कार्यक्रम वा शिक्षक सँग छलफलको समयको लागि दोभाषे सहायताको अनुरोध गर्न चाहन्छु।
- विद्यालय बाहेक पनि, जापानीज भाषा अध्ययन गर्न सिकाउने अन्य ठाउँहरूको बारेमा जान्न चाहन्छु

### हामी यस्तो सहयोग प्रदान गर्दछौं

- हामी उपयोगी सहयोग जानकारीको बारेमा परिचय गराउनेछौं
- हामी अनुभवी संयोजक पठाउनेछौं
- हामी स्वयंसेवक दोभाषेको परिचय र व्यवस्था गरिदिनेछौं।

बिस्तृत जानकारीको लागि, परामर्श डेस्कमा सम्पर्क गर्नुहोस।
परामर्श डेस्कको वेबसाइट बहुभाषाहरूमा उपलब्ध छ।
**https://int.sentia-sendai.jp/child/support/n/**

## परामर्श कर्मी कर्नर「कोठा सर्ने बेलाको बारेमा」

**यस कर्नरमा, हामीले त्यो अंकको विषयवस्तु अनुसार, परामर्शकर्मीहरूको अनुभव र विचार प्रस्तुत गर्नेछौं।**

म जापान आएपछि धेरै पटक कोठा सरेको छु, तर मलाई भने कोठा सर्दाको बेलामा कोठा खोज्न त्यति गाह्रो भएन। यहाँ कोठा खोजिदिने कम्पनिहरु धेरै भएको हुँदा, कोठा खोज्न धेरै सजिलो लाग्यो। यधपी, बसाई सरेर जाने ठाउँ अन्य सिटि वा नगरपालिका भएको खण्डमा, १४ दिन भित्रमा वडाकार्यालयमा गई सूचना पेश गर्नुपर्नेछ। तपाईंले घर छोड्दा आफ्नो सामानहरू छोडेर जान पाउनुहुने छैन, फोहोर सबै फ्याकेर कोठा सरसफाई गरि गएन भने पैसा लाग्न पनि सक्छ।

आफू बसेको कोठा सफा राख्नु पनि महत्त्वपूर्ण हुन्छ। भित्तामा काटी ठोक्दा वा फोहोर गर्दा कोठा छोडेर जाँदा समस्या उत्पन्न हुनसक्छ।

मेरो देशमा कोठा खोजी गरिदेने कम्पनीहरू धेरै छैनन्, यहाँको तुलनामा धेरै गाह्रो छ। आफुले चिनेजानेको साथीभाई वा स्टमित्र मार्फत खोज्ने वा आफैंले कोठा खोज्नको लागि समय निकाल्नुपर्छ। आफुलाई उपयुक्त हुने कोठा फेला पार्न गाह्रो हुन्छ। यद्यपि, बसाईसराई सूचना वा छोडेर जाने सूचना पेश गर्न आवश्यक पर्दैन। देश भित्र जहाँ सर्न परेपनि फरक पर्दैन। मेरो लागि, जापानमा कोठा खोज्न धेरै सजिलो भयो, तर त्यसपछिको प्रक्रियाहरू र पालना गर्नुपर्ने अन्यकुराहरु नजान्दा धेरै गाह्रो भयो। जापानमा बसाइँ सर्ने बारेमा तपाईलाई थाहा नभएका धेरै कुरा हुन सक्छन्। त्यसैले, जापान भर्खरै आउनु भएकोहरुको लागि तपाईंले नबुझेका धेरै कुराहरू हुन सक्छन्। तपाईंको वरिपरि परामर्श गर्न सकिने ठाउँ छनकि, बुझेर त्यहाँबाट सल्लाह लिनु धेरै महत्त्वपूर्ण हुन्छ।

(परामशि कमी B)

हरेक अंकमा प्रत्येक भाषा संस्करण सहित परामर्शकर्मी द्वारा「परामर्शकर्मी कर्नर」मा लेख्नेछन् ।
ब्लगमा प्रत्येक भाषको जापानीज संस्करण पनि प्रकाशित गरेकोछौं । कृपया अवश्य हेर्नुहोला ।

# सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र

## <ruby>仙台多文化共生<rt>せんだいたぶんかきょうせい</rt></ruby>センター

खुल्ने समय  प्रत्येक दिन बिहान ९ बजे देखि बेलुका ५ बजे (वर्षको अन्त्य र नयाँ वर्षको बिदा, महिनाको १〜२ दिनको बन्द दिन बाहेक)

ठेगाना  〒980-0856 सेन्दाई सिटि आओबा कु आओबा यामा सेन्दाई इन्टरनेशनल सेन्टर सम्मेलन भवन पहिलो तला




फोन  (022) 265-2471

फ्याक्स  (022) 265-2472

इमेल  tabunka@sentia-sendai.jp

युआरएल  http://int.sentia-sendai.jp/n/exchange/

■ विदेशी भाषामा दिइने परामर्श

दैनिक जिबनमा आइपर्ने समस्या या कठिनाइहरुको बारेमा विदेशी भाषामा परामर्श लिन सक्नुहुनेछ । 「दोभाषे सहयोग टेलीफोन」(022) 224-1919 मा फोन गर्नुहोला ।

भाषाहरु : जापानीज, अंग्रेजी, चिनियाँ, कोरियन, भियतनामी, नेपाली, तागालोग, थाई, पोर्चुगली, स्पेनिस, रसियन, इन्डोनेसियन, इटालियन, फ्रेन्च, जर्मनी, मलेसियन, खमेर, बर्मेली, मंगोलियन, सिंहला, हिन्दी, बंगाली, युक्रेनी भाषाहरु

■ त्यस बाहेका सेवाहरु

प्रशिक्षण कक्ष, बालबालिका कक्ष, जानकारी आदानप्रदान बोर्ड, पुस्तक फिर्ता गर्ने गरि लाने सुबिधा पनि दिइरहेका छौं । सामुदायिक गतिविधि या सम्बन्ध आदानप्रदान कार्यक्रमको लागिको जानिकारी तथा ठाँउ पनि उपलब्ध छ ।

## विदेशी नागरिकका लागिको विशेषज्ञिय परामर्श

वकिल या प्रशासनीक लेखनदास लगायतका विशेषज्ञ द्वारा हुने「 विशेषज्ञिय परामर्श बैठक 」नियमित रूपमा संचालित गर्दै आएकाछौं ।

सेन्दाईमा बसोबासको क्रममा कुनैपनि समस्या परेको खण्डमा, कृपया यहाँ सम्पर्क गर्नुहोला ।

गोपनीयताको पालना गर्नेछौ । एकजना लाई 30 मिनेटको समय हुनेछ ।

खुल्ने समय सबै, दिउँसो 1बजे बाट बेलुका 4बजे सम्म हुनेछ ।

परामर्श बैठकको दिनमा होमपेज बाट पुष्टि गर्न सकिनेछ ।

http://int.sentia-sendai.jp/n/exchange/consultation.html



प्रशासनिक लेखनदास　वकिल　श्रम मन्त्रालय　अध्यागमन बिभाग (इमिग्रेशन)　कर लेखनदास

सम्पादन•प्रकाशन : सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय एसोसिएसन (SenTIA)अन्तर्राष्ट्रिय सम्बन्ध विभाग

सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र चाँही सेन्दाई सिटिबाट जिम्मेवारी पाएर, (सार्वजनिक हितको) सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय एसोसिएसनले यसलाइ संचालन गर्ने गर्दछ ।

मार्च २०२४ मा प्रकाशित